बैठक संख्या: १२२ (एक सय बाइस)

समय: बिहान ९:०० बजे

आज मिति २०८२ फागुन २८ गते बिहीबार दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

## १२२ औं कार्यपालिका बैठक (मिति २०८२ फागुन २८ गते) को प्रस्तावनाहरुः

**प्रस्तावहरूः**

१. विगतको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन/समीक्षा सम्बन्धमा ।

२. विपद् तथा पुनर्निर्माण सम्बन्धि निर्माण भएको आवासको रकम भुक्तानी सम्बन्धमा ।

३. सलाखु,फलाखु,गेर्खु खोलाको ठेक्का सम्बन्धमा ।

४. आ.व. ०८३/०८४ को प्रदेश समपुरक र विशेष अनुदानका आयोजना प्रस्ताव सम्बन्धमा।

५. नगरसभा सम्बन्धमा ।

६. विविध

क) नदीजन्य पदार्थको (ग्रावेल) उत्खनन् अनुमती सम्बन्धमा ।

ख) रु.५ लाख भन्दा माथि रकम विनियोजन भएको योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने सम्बन्धमा ।

ग) विदुर नगरपालिकाको कित्तागत भूवर्गिकरणको सम्बन्धमा नगरवासीको जानकारीको लागि सूचना प्रकाशन सम्बन्धमा।

घ) विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा।

ङ) नुवाकोट आर्दश बहुमुखी क्याम्पसको रकम भुक्तानी सम्बन्धमा।

च) त्रिशुली कलेजको रकम भुक्तानी सम्बन्धमा।

छ) हर्मेटिक स्टोरेजको ठेक्का रद्ध गर्ने सम्बन्धमा।

ज) हर्मेटिक स्टोरेज निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धमा।

झ) प्राविधिक ग्रेड वापतको रकम अदालतको फैसला अनुसार भुक्तानी सम्बन्धमा ।

ञ) कालिका माई खेल मैदान निर्माण सम्बन्धमा ।

ट) विदुर नगरपालिका क्षेत्रभित्र निर्माणाधिन तथा निर्माण सम्पन्न सार्वजनिक संरचनाहरू समन्वयबिना भत्काउने कार्य नियन्त्रण तथा पुनःनिर्माण लागत असुल उपर सम्बन्धमा ।

ठ) इन्द्रायणी आधारभूत विद्यालयको जग्गा सम्बन्धमा ।

ड) घर नक्सा अभिलेखिकरण सम्बन्धमा ।

**निर्णयहरुः**

१. नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु सम्बन्धित शाखा प्रमुखहरुलाई विधि र प्रक्रिया पुऱ्याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

२. विदुर नगरपालिका क्षेत्रभित्र मनसुनी वर्षातको समयमा आएको बाढी र पहिरोको कारणले यस नगरपालिकाका वडा नं.१,२,३,८,१०,११,१२ र १३ वडाहरुमा बाढी र पहिरोले घरहरु भत्किएको तथा जोखिम भई बस्न योग्य नभएकोले वडा कार्यालय र विदुर नगरपालिकाको सिफारिसमा मिति २०७८/१२/१९ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णयानुसार राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणमा घर निर्माण गर्न सिफारिस गरिएको थियो। उक्त सिफारिसको आधारमा प्राधिकरणबाट यस नगरपालिकाका ४४ जना पीडितहरुलाई मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि,२०७७ बमोजिम लाभग्राही कायम गरी ती लाभाग्राहीहरुसँग सम्झौता गरी सम्झौता अनुसारको पहिलो किस्ता बापतको रकम प्राप्त भई तोकिएको मापदण्ड अनुसार घर निर्माण गरी प्राधिकरणको सफ्टवेयरमा आवश्यक कागजातहरु अपलोड गरी नियमानुसार नेपाल सरकार प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने ३० प्रतिशत र स्थानीय तहले पठाउनुपर्ने १५ प्रतिशत रकम समेत जिल्ला प्रशासन कार्यालय, नुवाकोटको बैंक खातामा जम्मा भए पश्चात पठाई उक्त कार्यालयबाट प्राधिकरणमा रकम माग गरे अनुसार निकासा नेपाल सरकार विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणबाट ४५ प्रतिशत रकम जिल्ला प्रशासन कार्यालयमा प्राप्त भएपछि त्यस कार्यालयको प्रशासकीय अधिकृत रुपेश प्रसाद नेपालको संयोजकत्वमा नगरपालिकाका प्राविधिक कर्मचारी सहायक ईन्जिनियर श्री प्रविण सापकोटा र जिल्ला प्रशासन कार्यालयका लेखापाल कमल रिजाल सदस्य रहेको टोलीबाट निरीक्षण तथा अनुगमन प्रतिवेदन मिति २०८२ कार्तिक २५ गते पेश गरेको थियो। उक्त प्रतिवेदनलाई मिति २०८२ पौष ३ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले अनुमोदन गरिएको थियो। मिति २०८२ पौष ९ गतेको च.नं.१५४८ को पत्रबाट विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि,२०८१ को दफा-१८(४) बमोजिम तपसिल बमोजिमका लाभग्राहीहरुलाई तपसिल बमोजिमको जम्मा रकम रु. ४९ लाख ५० हजार भुक्तानी दिन विदुर नगरपालिकाको खातामा निकासा भएको जम्मा रकम रु.४९ लाख ५० हजार तपसिलका लाभग्राहीहरुको खातामा निकासा गर्ने सर्वसम्मत निर्णय गरियो।

दोश्रो किस्ता रकम प्रास गर्ने तपसिलका व्यक्तिहरुः

| क्र.सं. | नाम | ठेगान | निकासा गर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | अमृता वि.क. | विदुर-१ | २०००००। | |
| २ | कविता तमाङ | विदुर-१ | २०००००। | |
| ३ | वावुराम रिजाल | विदुर-१३ | २०००००। | |
| ४ | किसान अगस्ती | विदुर-११ | २०००००। | |
| ५ | दुर्गा देवकोटा | विदुर-११ | २०००००। | |
| ६ | खिल प्रसाद न्यौपाने | विदुर-११ | २०००००। | |
| ७ | दुर्गा प्रसाद न्यौपाने | विदुर-१० | २०००००। | |
| ८ | सानुकान्छा तमाङ | विदुर-१३ | २०००००। | |
| ९ | तेज वहादुर खवास | विदुर-३ | २०००००। | |
| १० | सुर्य वहादुर कसाई | विदुर-२ | २०००००। | |
| ११ | श्याम वहादुर कसाई | विदुर-२ | २०००००। | |
| १२ | रामजी कसाई | विदुर-२ | २०००००। | |
| जम्मा रकम रु. | | | २४,००,०००। | |

तेश्रो किस्ता रकम प्रास गर्ने तपसिलका व्यक्तिहरु

| क्र.सं. | नाम | ठेगान | निकासा गर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कविता तमाङ | विदुर-१ | १५००००। | |
| २ | वावुराम रिजाल | विदुर-१३ | १५००००। | |
| ३ | किसान अगस्ती | विदुर-११ | १५००००। | |
| ४ | चोक प्रसाद देवकोटा | विदुर-११ | १५००००। | |
| ५ | पितकुमारी पौडेल | विदुर-११ | १५००००। | |
| ६ | रंगनाथ पौडेल | विदुर-८ | १५००००। | |
| ७ | तेज वहादुर खवास | विदुर-३ | १५००००। | |
| ८ | पदम वहादुर भुजेल | विदुर-३ | १५००००। | |
| ९ | रामशरण शिवभक्ती | विदुर-३ | १५००००। | |
| १० | प्रेमवहादुर सार्की | विदुर-३ | १५००००। | |
| ११ | राजेन्द्र नेपाली | विदुर-१२ | १५००००। | |
| १२ | कमलप्रसाद धमला | विदुर-१० | १५००००। | |
| १३ | गोविन्द प्रसाद न्यौपाने | विदुर-११ | १५००००। | |

| | | | | |
|---|---|---|---|---|
| १४ | तेजप्रसाद न्यौपाने | विदुर-११ | १५००००। | |
| १५ | राजकुमार न्यौपाने | विदुर-११ | १५००००। | |
| १६ | सुर्य वहादुर कसाई | विदुर-२ | १५००००। | |
| १७ | श्याम वहादुर कसाई | विदुर-२ | १५००००। | |
| जम्मा रकम रु. | | | २,५५०,००० | |

३.त्रिशुली नदी पुरानो पुलदेखि माथि बेत्रावतीसम्म सलाखु,फलाखु,गेर्खु खोलाको आय ठेक्का लगाउनको लागि मिति २०८२/१०/०४ को स्थानीय राजश्व परामर्श समितिको सिफारिस बमोजिम मिति २०८२/१०/२६ मा पुन विधुतीय दरभाउ पत्र आव्हान गरिएकोमा चण्डेश्वरी निर्माण सेवाले न्यूनतम कबोल अंक १० लाख रहेकोमा मूल्य अभिबृद्धी करसहित रु.११ लाख ४७ हजार ६ सय ५७ रुपैंया १३ पैसा कबोल गरेकोले न्यूनतम अंकभन्दा बढी हुने गरी एकमात्र दरभाउ पत्र पेश हुन आएको र २०८२/११/१७ मितिको मूल्यांकन समितिको बैठकबाट उक्त बोलपत्र स्वीकृत गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरेकोले चालु आर्थिक वर्ष २०८२/०८३ को लागि सूचनामा उल्लेख भएका शर्तहरु लागू हुने गरी पेश हुन आएको दरभाउपत्र अनुसारको ठेक्का स्वीकृत गरी कबोल गरेको रकम नियमानुसार लिई सम्पुर्ण कागजात पेश भएपछि सम्झौता गर्न राजश्व शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

४. वागमती प्रदेश सरकारको समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ को दफा ३ अनुसार प्रदेश सरकारले स्थानीय तहबाट कार्यान्वयन गरिने भौतिक पूर्वाधार विकाससँग सम्बन्धित देहायका आयोजना वा कार्यक्रमको लागि दुई करोडदेखि तीन करोडसम्म आयोजना दुई वर्षभित्र सम्पन्न गरी सक्ने गरी नगरपालिकाको हकमा समपुरक अनुदान उपलब्ध गराउन सक्नेछ। समपुरक अनुदानमा ७० प्रतिशत अंश स्थानीय सरकारको र बाँकी ३० प्रतिशत अंश मात्र प्रदेश सरकारले व्यय भार गर्ने गरी बजेट विनियोजन गर्नु पर्नेछ।

क) कृषि उपजको प्रशोधन भण्डारण र बजारीकरण,
ख) खानेपानी तथा सरसफाइ,
ग) सिँचाई तथा नदी नियन्त्रण,
घ) नवीनतम प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन र व्यवस्थापन,
ङ) सामुदायिक विद्यालय भवन निर्माण,
च) स्थानीय आर्थिक विकासमा प्रत्यक्ष योगदान पुर्‍याउने पर्यटन पूर्वाधार निर्माण,
छ) सौर्य,वायु,जैविक लगायतका वैकल्पिक ऊर्जा उत्पादन र विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार,

ज) स्थानीय तहको केन्द्र र वडा कार्यालय विद्यालय स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र ,औधोगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा पदमार्ग र सो अन्तरगतको सडक पुल,

झ) स्वास्थ्य चौकी,अस्पताल तथा सोसँग सम्बन्धित पूर्वाधार,

ञ) प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी निर्धारण गरिएका आयोजना वा कार्यक्रम,

उक्त क्षेत्रभित्र पर्ने बढीमा ३ वटा तपसिल बमोजिमका आयोजना आ.व.२०८३।०८४ का लागि प्रस्ताव गर्ने र आवश्यक प्रक्रिया अगाडि बढाउन प्राविधिक शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

क.बस्ति विकास सडक स्तरोन्नती — विदुर, १
ख.च्वाडी मा.बि. प्रदेश स्तरीय क्रिकेट रंगशालामा — विदुर, ५
ग.मैदानटोलबाट तोप खाना निस्कने सडक स्तरोन्नति — विदुर, २
घ.चैनपुर पन्थ गाउँ भदुवार मोटर बाटो स्तरोन्नति —विदुर, १२

विशेष अनुदान सम्बन्धी कार्यविधि,२०७७ को दफा ३ अनुसार विशेष अनुदान प्रदान गरिने क्षेत्र आधार र रकमको सीमा बीस लाखदेखि एक करोडसम्मको तपसिल बमोजिम रहेको छ ।

क) साक्षारता प्रतिशत राष्ट्रिय औषत भन्दा न्यून भएका क्षेत्रको शैक्षिक विकासको लागि सञ्चालन गरिने विशेष शैक्षिक आयोजना/कार्यक्रम,

ख) आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदाय एवम् बाल तथा मातृ मृत्युदर अत्याधिक भएका क्षेत्रमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विशेष आयोजना/कार्यक्रम,

ग) खानेपानी सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायका लागि खानेपानी सुविधा उपलब्ध गराउने विशेष आयोजना।कार्यक्रम

घ) खाद्यान्नको उत्पादन न्यूनता भएका क्षेत्रमा खाद्य सुरक्षा सम्बन्धी आयोजना/कार्यक्रम,

ङ) कुनै पनि पिछडिएको क्षेत्र विशेषलाई लक्षित गरी सञ्चालन गरिने आधारभूत सेवा आपूर्ति सम्बन्धी आयोजना।कार्यक्रम

च) कुनै अल्पसंख्यक र पिछडिएको समुदायको उत्थान गरिने विशेष आयोजना/कार्यक्रम,

छ) सन्तुलित विकासको अवधारणा अनुसार राष्ट्रिय भन्दा पछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि सञ्चालन गरिने सामाजिक विकासका लागि विशेष आयोजना/कार्यक्रम,

ज) कुनै विपद् वा मानवीय कारणबाट कुनै क्षेत्रमा पुनर्स्थापन पुनर्निमाण वा नवनिर्माण गर्नुपर्ने संवेदनशिल अवस्था देखिएमा सो सम्बन्धी आयोजना/कार्यक्रम,

विशेष अनुदान तर्फ आ.व.२०८३।०८४ का लागि तपसिलका आयोजना प्रस्ताव गर्ने र आवश्यक प्रक्रिया अगाडी बढाउन प्राविधिक शाखालाई निर्देशन दिने स्तरोन्नती

क.स्वास्थ्य चौकी निर्माण — विदुर, ६

ख.तल्लो देउडीदेखि माथिल्लो देउडी वडा कार्यालयसम्म जाने बाटो स्तरोन्नति — विदुर, १३

ग.चन्डेश्वरी भित्रिनीटार,अन्तरे टोल,रिजाल टोल सडक स्तरोन्नति —विदुर, ७

घ.छापटार केराघारी केवरपानी सडक स्तरोन्नति — विदुर, १०, ११

५.स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा अनुसार पौष महिनामा गर्नुपर्ने नगर सभा २०८२ साल चैत्र महिनाको २० गते शुक्रबार बस्ने सर्वसम्मत निर्णय गरियो।

६.विविध

क)तादी खोलाको मिति २०८२ फागुन १३ गते ठेक्का संझौता भएकोले सम्बन्धित निर्माण व्यवसायीले उक्त ठेक्का अनुसारको नदीजन्य पदार्थ उत्खनन् अनुमति पाउँ भनी मिति २०८२ फागुन २६ गते पत्र मार्फत अनुरोध गरेकोले तादी नदीको ठेक्का साकार गर्ने फर्म पि.एल.एस. कन्स्ट्रक्सन प्रा.लि.बाट नदीजन्य पदार्थ ग्रावेल (ढुङ्गा,गिटी,बालुवा)उत्खनन् अनुमतीको लागि उक्त पि.एल.एस कन्स्ट्रक्सन प्रा.लि. लाई तादी नदीको आ.ई.ई गरेको क्षेत्रबाट ग्रावेल उत्खनन् गर्न तपसिलको सवारी साधन प्रयोग गर्ने गरी अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

मेसिन बा. २ क. ९५३०

टिपर बा. ३ क. ९०५

टिपर बा. ३ क. ९०६

ख)नगर कार्यपालिकाको मिति २०८२/०३/२० को १७ औं नगरसभाको निर्णय अनुसार वडा तथा नगरस्तरीय पाँच लाख भन्दा बढीका आयोजनाहरु ठेक्का मार्फत कार्यान्वयन गर्ने गरिएकोमा तपसिल अनुसारका आयोजनाहरु ठेक्का आव्हान गर्दा ठेक्का नपरेकोले आयोजना कार्यान्वयन हुन नसकेको हुँदा उक्त आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयनमा लैजाँदा आयोजना कार्यान्वयन पनि हुने र लागत साझेदारी समेत भई कामको परिमाण समेत बढी हुन

सक्ने अवस्था रहेकोले ति आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| १.सामुदायिक भवन निर्माण माझिगाँउ विदुर,८ | -१० लाख |
| २.कैलाशपुर सामुदायिक भवन विदुर,१२ | -१२ लाख |
| ३.दुधेलामा कालिका मन्दिर स्तरोन्नती विदुर,११ | -७ लाख |
| ४.१.साङदोग पल्कि हिओ बौद गुम्बा विदुर,१३ | |
| २.टासिलिङ गुम्बा विदुर,१३ | -२३ लाख |

ग)विदुर नगरपालिकाले परामर्शदाताबाट यस नगरपालिकाका १३ वटै वडाको जग्गाको भूउपयोग ऐन तथा नियमावलीले निर्देशन गरे बमोजिम कित्तागत रुपमा भूवर्गिकरण गरी स्थानीय भूउपयोग परिषद्को मिति २०८२ पौष १४ गते बैठकबाट परामर्शदाताबाट पेश भएको प्रतिवेदन, नक्सा लगायतको विषय स्वीकृत गरेकोले भूउपयोग नियमावली,२०७९ को नियम ५ को उपनियम ६ मा भूउपयोग वर्गिकरणको सूचना सम्बन्धित स्थानीय तहले सर्वसाधारणको जानकारीको लागि स्थानीय पत्रपत्रिका र आफ्नो वेवसाईटमा समेत प्रकाशन गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था भएकोले उक्त कानूनको परिपालना गरी कानूनमा उल्लेख भए बमोजिम स्थानीय पत्रपत्रिका र नगरपालिकाको वेवसाइटमा पेश हुन आएको प्रतिवेदन, नक्सा लगायतको विवरण उल्लेख गरी सूचना प्रकाशित गर्ने सर्वसम्मत निर्णय गरियो।

घ)विस्तृत परियोजना प्रतिवेदन तयार गर्न यस नयरपालिकाले आयोजना नै तोकेर बजेट विनियोजन गरेको छ। नगरपालिका क्षेत्रभित्र कार्यान्वयन हुने निम्न आयोजनाहरु कार्यान्वयन गर्ने सम्बन्धित कार्यालयहरुले चालु आर्थिक वर्षमा बजेट विनियोजन भएको र विस्तृत परियोजना प्रतिवेदन तयार गर्न यस नगरपालिकालाई पत्राचार गरी अनुरोध गरेकोले सम्बन्धित कार्यालयको अनुरोध अनुसार तपसिलमा उल्लेख भएका आयोजनाको आवश्यकताको आधारमा क्रमशः डि.पी.आर उपयोग हुने पूर्ण सुनिश्चितता भएका मात्र प्रक्रिया अगाडि बढाउन प्राविधिक शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

१. अँधेरी खोलामा पक्कि मोटरेवल पुल निर्माण,

पूर्वाधार विकास कार्यलयको च.नं. ४०२ मिति २०८२/१०/०६ को पत्र को प्रदेश खेलकुद विकास परिषद् हेटौंडाको पत्र मार्फत तपसिलमा उल्लिखित योजनाहरुको

डि.पि.आर. गरी चालु आर्थिक वर्षमा कार्यन्वयनमा लैजानको लागि यस कार्यालयमा डि.पि.आर उपलब्ध गराइ पाँउ भनी पत्राचार गरेको र उक्त कार्यालयको अनुरोध अनुसार उल्लिखित योजनाको आवश्यकताको आधारमा डि.पि.आर उपयोग हुने पूर्ण सुनिश्चितता भएमा प्रक्रिया अगाडि बढाउन प्राविधिक शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

२. वडा कार्यालय भवन समेत बुद्ध पार्क, विदुर १
पर्यटन विभाग आयोजना इकाई कार्यालय काठमाडौंको च.नं.११२६ मिति २०८२/११/२८ को पत्र को प्रदेश खेलकुद विकास परिषद् हेटौंडाको पत्र मार्फत तपसिलमा उल्लिखित योजनाहरुको डि.पि.आर गरी चालु आर्थिक वर्षमा कार्यन्वयनमा लैजानको लागि यस कार्यालयमा डि.पि.आर उपलब्ध गराइ पाँउ भनी पत्राचार गरेको र उक्त कार्यालयको अनुरोध अनुसार उल्लिखित योजनाको आवश्यकताको आधारमा डि.पि.आर.उपयोग हुने पूर्ण सुनिश्चितता भएमा प्रक्रिया अगाडि बढाउन प्राविधिक शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

३. सडक आयोजना, विदुर ३

४. च्वाडी मा.वि. प्रदेश स्तरीय क्रिकेट रंगशाला, विदुर ५
प्रदेश खेलकुद विकास परिषद् हेटौंडाको च.नं. १६५ मिति २०८२/०७/१२ को पत्र मार्फत तपसिलमा उल्लिखित योजनाहरुको डि.पि.आर गरी चालु आर्थिक वर्षमा कार्यन्वयनमा लैजानको लागि यस कार्यालयमा डि.पि.आर उपलब्ध गराइ पाँउ भनी पत्राचार गरेको र उक्त कार्यालयको अनुरोध अनुसार उल्लिखित योजनाको आवश्यकताको आधारमा डि.पि.आर उपयोग हुने पूर्ण सुनिश्चितता भएका प्रक्रिया अगाडि बढाउन प्राविधिक शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

ङ)नुवाकोट आर्दश बहुमुखी क्याम्पसको लागि नगरप्रमुखज्यू तोक आदेशमा काम गर्नको लागि गत वर्षको भुक्तानी बाँकी रकम रु.९४५६१ (९४ हजार ५ सय ६१) रकम भएकोमा नेपालको संविधान,२०७२ को अनुसूची,८ मा स्थानीय सरकारको शैक्षिक कार्यक्षेत्र माध्यमिक शिक्षासम्म मात्र हेर्न सक्ने गरी तोकिएकोले कार्यक्षेत्रको अभावमा उक्त रकम भुक्तानी दिनु आर्थिक अनुशासन पालनाको हिसाबले उचित नरहेको र लेखा परीक्षणको क्रममा बेरुजु आउने कार्यक्रम रहेको हुँदा यस किसिमको रकम भुक्तानी गर्नु गैरकानूनी हुने राय पेश गरेको छु ।यस क्याम्पसमा नगरपालिका क्षेत्र भित्रका विद्यार्थी नै पढ्ने भएकोले यो पटकको लागि उक्त रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

च)त्रिभूवन त्रिशुली बहुमुखी क्याम्पसको लागि नगरप्रमुखज्यू तोक आदेशमा रंगरोगनको काम गर्नको लागि रु.२११७७५(२ लाख ११ हजार ७ सय ७५) रकम दिने मिति २०८२/०५/१२ मा आदेश भएकोमा नेपालको संविधान,२०७२ को अनिसूचि,८ मा स्थानीय सरकारको शिक्षा क्षेत्रको कार्यक्षेत्र माध्यमिक शिक्षासम्म मात्र हेर्न सक्ने गरि तोकिएकोले कार्यक्षेत्रको अभावमा उक्त रकम भुक्तानी दिनु आर्थिक अनुशासन पालनाको हिसाबले उचित नरहेको र लेखा परीक्षणको क्रममा बेरुजु आउने कार्यक्रम रहेको हुँदा यस किसिमको रकम भुक्तानी गर्नु गैरकानूनी हुने राय पेश गरेको छ । उक्त क्याम्पसमा नगरबासीको विद्यार्थीहरुनै अध्ययन गर्ने गरेका र यस कलेजमा कक्षा १ देखि १२ सम्मको पढाइ हुने हुँदा उक्त रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

छ)यस कार्यालयले यसै नगरपालिकाको वडा नं ६ मा हर्मेटिक स्टोरेज निर्माणको लागि श्री सुनादेवी सामुदायिक वन उपभोक्ता समितिको उक्त वन रहेको क्षेत्रको बोट बिरुवा नभएको खाली जग्गामा हर्मेटिक स्टोरेज निर्माणको लागि मिति २०८२।११।०७ मा सहमति दिए पनि डिभिजन वन कार्यालय नुवाकोट च.न.१४४१ मिति २०८२/११/२६ को पत्र अनुसार उक्त स्थानमा हर्मेटिक स्टोरेज निर्माण गर्न नेपाल सरकारको सहमति लिनुपर्ने वन ऐन तथा नियमावलीमा उल्लेख भएकोले सहमतिविना निर्माण कार्य गरे नियमानुसार कारवाही हुने चेतावनीयुक्त पत्र प्राप्त भएकोले नेपाल सरकारबाट जग्गा प्राप्ति नभएसम्मको लागि उक्त ठेक्का रद्ध गर्ने सर्वसम्मत निर्णय गरियो।

ज)यस कार्यालयको लागि वाग्मति प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा हर्मेटिक स्टोरेज निर्माणको लागि १ करोड रुपैया बजेट विनियोजन भई आएको छ। उक्त बजेटबाट हर्मेटिक स्टोर निर्माणको लागि उपयुक्त जग्गाको खोजी गर्दा नगरपालिकाको स्वामित्वमा कुनै जग्गा नरहेको र वडा नं ६ मा यो स्टोर निर्माण गर्ने योजना रहेकोले जग्गाको खोजी गर्दा उपलब्ध विकल्पमध्ये यसै नगरपालिकाको वडा नं ६ को श्री सुनादेवी सामुदायिक वन उपभोक्ता समूहको संरक्षणमा रहेको कित्ता नं. को क्षेत्रफल भएको जग्गा पहुँच रोड विद्युतआदिको उपलब्धताको हिसाबले उपयुक्त देखिएकोले उक्त जग्गा उपयोग गरी हर्मेटिक स्टोरेज निर्माणको लागि श्री सुनादेवी सामुदायिक वन उपभोक्ता समूहको सहमति समेत प्राप्त भएको र डिभिजन वन कार्यालय नुवाकोटले समेत सम्बन्धित निकायको सहमति लिएर मात्र निर्माण कार्य गर्नु भन्ने सिफारिस च.न.१४४१ मिति २०८२/११/२६ पत्रबाट गरेको हुँदा जग्गा प्राप्तिको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

झ) सम्मानित सर्वोच्च अदालतको मिति २०७६/०१/१५ रिट नं.७३-WO-०७४२ मा भएको आदेश अनुसार २०५७ साल श्रावण १ गते भन्दा अगाडि स्थायी भई तालिम प्राप्त गरेको स्थायी शिक्षकहरुको छुट २ प्राविधिक ग्रेड भुक्तानी दिने सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका पत्र सं.०८२/०८३ च.नं. ६१ मिति २०८२/०५/०९ को पत्रअनुसार शिक्षकको छुट प्राविधिक ग्रेड प्रदान गर्न आधार र प्रक्रिया उल्लेख गरी पठाइएको पत्रानुसार आधार र प्रक्रिया पुऱ्याइ यस नगरपालिका अन्तर्गतका विद्यालयबाट अवकास प्राप्त शिक्षक मा.वि. द्बितिय चिरन्जिवि भट्टको हकमा १ लाख ८८ हजार ५ सय ५२ रुपैंया प्राप्त अनुदानबाट सम्बन्धित विद्यालयको खातामा निकासा गराउने सर्वसम्मत निर्णय गरियो ।

ञ) विदुर नगरपालिका वडा नं.१३ को च.नं. १३५४ मिति २०८२/११/२६ को पत्र अनुसार उक्त वडाको कि.नं.१६०२ क्षेत्रफल ७-१-२-१ को जग्गामा पहिलेदेखि नै खेलकुद मैदान निर्माण गरिदै आएको हुँदा यस आर्थिक वर्ष ०८२/०८३ को प्रदेश सरकारबाट विनियोजन भएको बजेटबाट माथि उल्लिखित जग्गामा नियमानुसार खेलकुद मैदान निर्माण गर्न सामाजिक विकास कार्यालय, गजुरी धादिङ्गलाई सिफारिस गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

ट)विदुर नगरपालिका क्षेत्रभित्र संघ, प्रदेश तथा स्थानीय तहबाट निर्माणाधीन वा निर्माण सम्पन्न भएका सडक, नाली, वाल, खानेपानी, सिंचाइ, पाटीपौवा लगायतका सार्वजनिक संरचनाहरू केही व्यक्ति तथा निर्माण — व्यवसायीहरूले सम्बन्धित वडा कार्यालय तथा नगरपालिकासँग आवश्यक समन्वय नगरी भत्काउने कार्य भइरहेको पाइएकाले यसलाई भत्काउन नपाउने र सबै वडा कार्यालयहरुलाई जानकारी गराउने,तसर्थ, विदुर नगरपालिका क्षेत्रभित्र रहेका कुनै पनि सार्वजनिक संरचनाहरू सम्बन्धित वडा कार्यालय तथा नगरपालिकासँग पूर्वसमन्वय नगरी भत्काएको पाइएमा उक्त संरचनाबाट भएको क्षतिको पुनःनिर्माण गर्न लाग्ने सम्पूर्ण लागत सम्बन्धित व्यक्ति वा निर्माण व्यवसायीबाट असुल उपर गरिने सर्वसम्मत निर्णय गरियो ।

ठ) नुवाकोट जिल्ला विदुर नगरपालिका वडा नं. १ मा रहेको इन्द्रायणी आधारभूत विद्यालयलाई वागमती प्रदेश सामाजिक मन्त्रालयबाट उक्त विद्यालयको कक्षाकोठा निर्माण गर्न रु. २१ लाख रकम विनियोजन भएको र स्थापनाकाल देखि नै उक्त विद्यालय सार्वजनिक जग्गामा निर्माण भई हालसम्म संचालन भइराखेको हुँदा वागमती प्रदेश सामाजिक विकास मन्त्रालयलाई उक्त विद्यालय स्थापनाकाल देखि नै सार्वजनिक जग्गामा निर्माण भई आएको हुँदा सोही जग्गामा नियमानुसार निर्माण कार्य अगाडि बढाउन सिफारिस गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

ड) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४२ को उपदफा १ अनुसार यो ऐन प्रारम्भ हुनु अघि तत्काल प्रचलित कानून बमोजिम नक्सापास गर्नुपर्नेमा नक्सापास नगरी घर निर्माण भएका स्वीकृत बेगरी बनाएको भवनको हकमा भवन निर्माण सम्बन्धी मापदण्ड पूरा गरेका घरहरुलाई सूचना प्रकाशन गरी अभिलेखिकरण गर्ने स्वीकृत दिन सर्वसम्मत निर्णय गरियो ।